# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

प.लि.नं. ८०७/०५८/५९
केन्द्रिय कार्यालय, काठमाडौं

च.न. : ३८ क

मिति : २०७८/०९/१८

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
श्री सि.डि.एस. एण्ड क्लिएरिङ्ग लि. पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

**विषय : २० औं वार्षिक साधारण सभाको निर्णयको विवरणको सम्बन्धमा ।**

महोदय,

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को २० औं वार्षिक साधारण सभा मिति २०७८/०९/१५ गते बिहानको ११:०० वजे एलिस रिसेप्सन, गैरिधारा, काठमाडौंमा सम्पन्न भएको हुँदा उक्त साधारण सभाको विवरण जानकारीको लागी यो पत्रको साथ संलग्न गरी पेश गरिएको छ ।

भवदीय,

....................
अवधेश प्रसाद पन्त
कम्पनी सचिव

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. को २० औं वार्षिक साधारण सभामा निम्न प्रस्तावहरु पेश भई छलफल पश्चात प्रस्ताव स्विकृत गर्ने निर्णय सभाबाट सर्वसम्मत पारित गरियो ।

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७७/७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३. आ.व. २०७७/७८ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको ६ % ले हुन आउने रकम रु.५,६५,८०,०००/- नगद लाभांश (बोनस शेयर र नगद लाभांशको कर सहित) शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
*एस.आर. पाण्डे एण्ड कम्पनीको पुनः नियुक्ति गर्ने निर्णय सर्वसम्मत पारित भएको ।*

५. स्वतन्त्र संचालक पदमा संचालक समितिबाट गरिएको नियुक्तिको जानकारी ।

**ख) विशेष प्रस्ताव**

१. हाल कायम अधिकृत पूजी रु. १,००,००,००,०००/- बाट वृद्धि गरी रु १,१५,००,००,०००/- पर्‍याउने ।

२. नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७७/७८ सम्मको मुनाफाबाट चुक्ता पूँजीको १९ % ले हुने रकम रु. १७,९१,७०,००० /- बराबर बोनस शेयरलाई शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

३. हालको जारी तथा चुक्ता पूँजी रु.९४,३०,००,०००/- मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरी जारी तथा चुक्ता पूँजी रु. १,१२,२१,७०,०००/- कायम गर्ने ।

४. प्रबन्धपत्रको दफा ४(द), ५(क) ५(ख), ५(ग) संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

१. यस वित्तिय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Aquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने विशेष प्रस्ताव ।

२. नियमावली को नियम २९(१)(ख) संशोधन गरी संचालक समितिको अध्यक्ष र सदस्यले पाउने प्रति बैठक भत्ता वृद्धि गर्ने विशेष प्रस्ताव ।



केन्द्रीय कार्यालय: कमल पोखरी, काठमाडौं, फोन ०१-४५३४९२१/२२ फयाक्स: ०१-४४४१५२५
Central Office: Kamalpokhari, Kathmandu Tel-1-4534921/22 Fax: 01-4441525
E-mail: info@ swbbl.com.np / Web Site: www.swbbl.com.np